# इस्लामीय विशेषताहरूका केही मोतीहरूको संग्रह

[ नेपाली - Nepali - نيبالي]

## लेखक

शैख अब्दुर्रहमान बिन नासिर बिन सअदी

## अनुवादक

अतीकुर्रहमान मु.इदरीस खान मक्की

## संशोधन

मुहम्मद इदरीस सलफी

# الدرة المختصرة
# في محاسن الدين الإسلامي

للشيخ

عبد الرحمن بن ناصربن سعدي

المترجم

عتيق الرحمن محمد إدريس خان مكي

المراجعة

محمد إدريس سلفي

بسم الله الرحمن الرحيم


## सर्वाधिकार अनुवादकमा सुरक्षित छ ।



To connect Translator: 0501372254

للتواصل مع المترجم: 0501372254

अनुवादकसित सम्पर्क गर्ने नं. ०५०१३७२२५४



प्रथम प्रकाशन साल  सन् २०१५ ई. सं.

निःशुल्क वितरणको लागि मात्र


## पुस्तक पाइने ठेगाना -:

□इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका

व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)

सम्पर्क नं. ००९७७९८१९४३७७५८

सउदी नं. 00966-0501372254

□इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज सउदी अरबीया

# प्रस्तावना

बिस्मिल्लाहिर्रहमानिर्रहीम

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले यस संसारलाई उत्पन्न गऱ्यो, र यसमा बसोबास गर्नुको लागि नानाथरीका प्राणीहरूलाई अविष्कृत गऱ्यो, र जसले हाम्रो हृदयलाई आफ्नो सत्मार्गतर्फ लगाइदियो, र आफ्नो श्रद्धा एवं प्रेम र आदरबाट परिपूर्ण गरिदयो । र म गवाही दिन्छु कि त्यस अल्लाह बाहेक कोही सत्य पूज्य छैन, त्यो एकलै छ, त्यसको कोही सहभागी छैन । र म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहका भक्त एवं सन्देष्टा र मित्र हुनुको साथै मनोनीत दूत हुन् । जहाँलाई अल्लाहले सन्देष्टाहरूको आगमनक्रकको अन्तराल पश्चात पठायो, ताकि समस्त मानवजातिलाई वासना र हवस पूजाबाट बचाएर धरती आकाशको स्रष्टासित संलग्न गरुन् । यसर्थ मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम समस्त मानवजातिका नायक थिए, र उहाँको निमन्त्रण समस्त सृष्टिको लागि दया र मार्गदर्शन थियो, र समस्त संसारको लागि

शुभसमाचार हुनुको साथै समस्त शोषित र अपमानितहरूको लागि स्वतन्त्रता पनि थियो। तसर्थ अल्लाहको नगन्य शान्ति र दया अवतरित होस् मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि, र उहाँका घरपरिवार र समस्त साथीहरूमाथि र ती सबैहरूमाथि जुन प्रलयसम्म उहाँको पद्धतिमा हिंड्ने छन् ।

प्रस्तुत पुस्तक इस्लामका प्रसिद्ध विद् शैख अब्दुर्रहमान बिन नासिर अस्सअदीले लेखेका लेखहरूमध्ये एउटा लेख हो जुन इस्लामधर्मका विशेषताहरूबारे ज्ञान गराउँछ। यसको विषयवस्तु अति महत्वपूर्ण भएकोले मैले यसको अनुवाद आफ्नो मातृ भाष नेपालीमा गर्नुको लागि मनोनीत गरेको छु। यसर्थ मेरो समस्त प्रयास यस कुरामा केन्द्रित रहनेछ कि म यस किताबमा भएका समस्त कुराहरूलाई कुरआन र हदीसको प्रकाशमा उस्तै सिद्ध गर्न सकूँ जसरी यसको लेखकले दर्शाउन खोजेका छन् । मेरो अल्लाहसित प्रार्थना छ कि अल्लाह आफ्नो दयाले मलाई मेरो लक्ष्यमा सफल पारुन्, साथै पाठकवर्गसित पनि सादर अनुरोध गर्दछु कि यस अनुवादमा कुनै त्रुटि भेटिएमा निम्नको

ठेगानामा त्यस त्रुटितर्फ हाम्रो ध्यानाकर्षण गराइदिएमा तपाईको आभारी हुनेछु ।

र मलाई आशा छ कि मेरो यो सानो प्रयासबाट जनसमुदायलाई लाभ पुग्नेछ र अल्लाह मेरो यस सानो प्रयासद्वारा हाम्रो समाजलाई कुमार्गबाट निकालेर सुमार्गमा लगाउनेछ । अल्लाहसित विन्ती छ कि अल्लाह मेरो यस प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन्, र मेरो स्वर्गीय आमा र बाजेलाई क्षमादान दिई स्वर्गमा उच्च स्थान प्रदान गरुन् । ( आमीन)

**<u>अनुवादक</u>**

**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**

**तौलिहवा कपिलवस्तु (नेपाल)**

email- atiqkhannp1982@yahoo.com

**सम्पर्क नं. ००९७७९८१९४३७७५८**

**सउदी मो. न. ००९६६५०१३७२२५४**

# प्रक्कथन

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन्, हामी त्यसैको प्रशंसा गर्दछौं र त्यसैसित सहायताको याचना गर्दछौं, र त्यसैसित क्षमायाचना गर्दछौं । र अल्लाहको शरण चाहन्छौं आफ्ना कार्य कुरा र जीउको दुष्टताबाट, त्यो अल्लाह जसलाई पथप्रदर्शन गरिदेओस् त्यसलाई कोही पथभ्रमित गर्न सक्दैन, र जसलाई त्यो दिग्भ्रमित गरिदेओस् त्यसलाई कोही मार्गदर्शित गर्न सक्दैन । र म गवाही दिन्छु कि अल्लाह बाहेक कोही सत्य पूज्य छैन त्यो एकलै छ त्यसको कोही साभ्कीदार छैन, र म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम त्यसको भक्त एवं सन्देष्टा हुन्, उनीमाथि अल्लाहको नगन्य शान्ति अवतरित होस् ।

तत्पश्चात: नि:सन्देह जुन धर्म इस्लामलाई लिएर मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम आउनु भयो, त्यो सर्वोत्कृष्ट परिपूर्ण र सर्जोच्च एवं प्रतिष्ठित धर्म हो, जुन आफूभित्र सराहनीय विशेषताहरू, परिपूर्णता

र कुशल्ता, दया एवं समानता, न्याय एवं तत्वदर्शितालाई समावेश गरेको छ, जुन यो गवाही दिन्छ कि परम् पूज्य अल्लाह सर्वोत्कृष्ट र परिपूर्ण छ त्यसको तत्वदर्शिता र ज्ञानको कुनै सीमा छैन, र यो पनि गवाही दिन्छ कि सन्देष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहका सत्य सन्देष्टा हुन् र उनी नै त्यो सत्यवान हुन् जिनको सत्यताको गवाही दिइएको छ जुनकि आफ्नोतर्फबाट केही भन्दैनन् अल्लाहको फर्मान छः

﴿ إِنۡ هُوَ إِلَّا وَحۡيٞ يُوحَىٰ ٤ ﴾ النجم: ٤

अर्थ : त्यो त मात्र वह्य हो जुन (उनीमाथि) पठाइँदै छ । ( सूरतुन्नज्म ४ )

यसर्थ यो धर्म इस्लाम अल्लाहको एकत्व र सर्वगुण सम्पन्नतामाथि र रसूल सल्लल्लाहो अलैहे वसल्लमको दूतत्व र सत्यतामाथि सर्वोत्कृष्ट प्रतीक हो ।

र यो सानो प्रक्काथन मैले यस कारण वर्णन गरें ताकि इस्लामका ती अमूल्य र महान

विशेषताहरूका आधारहरूलाई वर्णन गरूँ जुन मेरो तुच्छ ज्ञानमा छ, यद्यपि म मेरो ज्ञानको तुच्छतालेगर्दा यस धर्मका ती महान र परिपूर्ण विशेषता र यसमा भएका अन्य कुराहरूलाई संक्षेपमा वर्णन गर्नुबाट असमर्थ छु त त्यसलाई विस्तारमा कसरी वर्णन गर्नसक्दछु, तै पनि म त्यसलाई आफ्नो ज्ञान र क्षमतानुसार वर्णन गर्ने आँट गरेको छु किनकि जसलाई पूर्णतया प्राप्त गर्न सकिन्न त्यसलाई पूराका पूरा छाड्न पनि सकिदैन, र यो यस कारण किनकि अल्लाह मान्छेलाई मात्र त्यतिको दायित्ववान गर्दछ जतिको त्यसमा क्षमता हुन्छ । अल्लाहको फर्मान छः

﴿ فَٱتَّقُواْ ٱللَّهَ مَا ٱسۡتَطَعۡتُمۡ ﴾ التغابن: ١٦

अर्थ : जहाँसम्म तिमीबाट हुनसक्छ, अल्लाहसित डर मान्ने गर... । ( सूरतुत्तगाबुन १६ )

र यो यस कारण पनि किनकि यस ज्ञानका अत्याधिक लाभहरू छन् जुनकि निम्नमा वर्णन गरिन्छः

□ जसमध्ये यो पनि हो कि यस विषयसित संलग्न हुनु जुनकि सर्वोत्कृष्ट विषय पनि हो र यसमा कार्यरत हुनु सर्वोत्कृष्ट सुकर्महरूमध्ये एक हो, यसर्थ यसको ज्ञान प्राप्त गर्नु र यसबारे खोज गर्नु, र यसमा चिन्तनशील हुनु, र त्यो बाटोमा लाग्नु जसद्वारा यसको ज्ञान प्राप्त होस् भक्तका सर्वोत्कृष्ट सुकार्यमध्ये एक हो, र जुन समय यसमा लगाउछौ त्यो समय नै तिम्रो अति हितकर समय हो ।

□ यसमध्ये यो पनि हो कि निःसन्देह अल्लाहले गरेका उपकार र अपार अनुग्रहहरूको सम्झना गर्नु र त्यसमाथि त्यस परम् पूज्यको आभार प्रकट गर्नु यस्तो कार्य हो जसको अल्लाह र अल्लाहका रसूलले आदेश गरेका छन्, र यो ठूलो सुकार्यहरूको सीमामा आउँछ, र यसमा कुनै सन्देह छैन कि यसबारेमा खोज गर्नु र त्यसको प्रचार गर्नु त्यसमा विचार विमर्श गर्नु त्यस अल्लाहको अपार अनुग्रहको आभारी हुने कार्यको सीमामा आउँछ ।

र यो नै त्यो धर्म हो जस बाहेक कसैद्वारा कुनै पनि धर्मलाई स्वीकार गर्दैनन्, त यो चर्चा त्यसको

आभार प्रकट गर्नु हो, र अल्लाहसित अरु अधिक अनुकम्पाको अनुरोध गर्नु हो ।

□ यसमध्ये यो पनि हो कि मानिसहरू विश्वास र पूर्ण आस्थाको बारेमा भिन्न हुन्छन्, यसर्थ भक्त यस धर्मको बारेमा जति धेरै ज्ञानी हुन्छ, र त्यसको जति अत्याधिक प्रतिष्ठा गर्नेवाला हुन्छ, र त्यसद्वारा जति प्रसन्न र प्रफुल्लित हुन्छ त त्यसको आस्था त्यति नै सुदृढ, यसर्थ त्यो आस्थाका समस्त आधार र नियमहरूको प्रतीक हो ।

त यदि यस धर्म इस्लामतर्फ आह्वान गर्नेहरू यस धर्मको वास्तविकतालाई र यसमा भएका हितकर कुराहरूलाई वर्णन गरुन् त यो उनीहरूलाई यस धर्मतर्फ आकर्षित गर्नुको लागि प्रयाप्त हुनेछ, किनकि यसमा उनीहरू आफ्नो संसारिक र परलौकिक हितलाई र जाहेर एवं गोप्यमा भएका हितकर कुराहरूको स्पष्टिकरणलाई दर्शन गर्नेछन्, अनि विरोधीहरूद्वार गरिएको टिप्पणीको प्रतिउत्तर र विरोधीहरूको धर्ममाथि टिप्पणी गर्ने आवशयक्ता पर्नेछैन ।

किनकि यो धर्म स्वयम् नै ती समस्त सन्देहजनक कुराहरूको निवारण गरिदिन्छ जुन यस विरुद्ध हुन्छन्, किनकि यो यस्तो सत्य हो जससंग स्पष्टिकरण र सत्यसम्म पुऱ्याइदिने प्रमाणहरू संलग्न छन् ।

यसर्थ जब यस धर्मका केही वास्तविकतालाई स्पष्ट गरियोस् त यो स्पष्टिकरण नै यसलाई स्वीकार गर्ने त्यो सर्वोत्कष्ट माध्यम हो जसलेगर्दा मानिसहरू यसलाई स्वीकार गर्दछन् र यो अरु धर्महरूमाथि अधिपत्यशाली भइहाल्छ ।

र यादराख कि इस्लाम धर्मको विशेषता र गुणहरू त्यसका समस्त प्रमाण, विषय, आधार र निर्देशनहरू एवं कार्यशैलीमा समाविष्ट छन्, जसमध्ये धार्मिक निर्देशन र विज्ञानहरू र ती प्रतीक विज्ञान र सामाजिक तथ्यहरू पनि हुन् जुन ब्रह्माण्डको वास्तविकतामाथि प्रमाणीकरण गर्छन् । र यो वर्णन गर्ने उद्देश्य समस्तलाई वर्णन गर्नु होइन किनकि यस्तो गर्नुको लागि विस्तृत चर्चा गर्नु जरुरी भइहाल्छ, बरु यसबाट हाम्रो उद्देश्य मात्र यो हो कि हामी केही उदाहरण वर्णन गरेर अरुमाथि

प्रमाणीकरण गर्न सकौं ती व्यक्तिहरूको लागि जुन यस विषयमा ज्ञान प्राप्त गर्न चाहन्छन् । र यी उदाहरणहरू व्यवहारिक क्षेत्र र पूजा आराधना र विषयवस्तुको क्षेत्रमा पनि अति प्रख्यात छन् ।

यसर्थ हामी प्रस्तुत गर्छौं अल्लाहसित सहायता र सुमार्गको आशाको साथ, र यस आशाको साथ कि अल्लाह हामीलाई मार्गदर्शन गर्छ, र ज्ञान प्रदान गर्छ, र हाम्रो निम्ति आफ्नो अपार अनुग्रहको द्वार खोलिदिन्छ जसलेगर्दा हाम्रो अवस्थामा सुधारको उत्पात हुन्छ, र जसद्वारा हाम्रो क्रिया र कुराहरू दुरुस्त भइहाल्छन् ।

# पहिलो उदाहरण

□ इस्लाम धर्म आस्थाका ती आधाहरूमाथि आधारित छ जसलाई अल्लाहले निम्नको श्लोकमा वर्णन गरेका छन्:

﴿ قُولُوٓاْ ءَامَنَّا بِٱللَّهِ وَمَآ أُنزِلَ إِلَيۡنَا وَمَآ أُنزِلَ إِلَىٰٓ إِبۡرَٰهِـۧمَ وَإِسۡمَٰعِيلَ وَإِسۡحَٰقَ وَيَعۡقُوبَ وَٱلۡأَسۡبَاطِ وَمَآ أُوتِيَ مُوسَىٰ وَعِيسَىٰ وَمَآ أُوتِيَ ٱلنَّبِيُّونَ مِن رَّبِّهِمۡ لَا نُفَرِّقُ بَيۡنَ أَحَدٖ مِّنۡهُمۡ وَنَحۡنُ لَهُۥ مُسۡلِمُونَ ١٣٦ ﴾ البقرة: ١٣٦

अर्थ : हे मुस्लिमहरू ! तिमीहरू सबैले भनिदेऊ कि हामी अल्लाहमाथि, र जुन किताब हामीतिर उतारियो, र जुन (ग्रन्थहरू) इब्राहीम, इस्माईल, इस्हाक़, याक़ूब र उनका सन्ततिहरूलाई प्रदान गरियो, तिनीमाथि र जुन मूसा र ईसालाई प्रदान गरियो र जुन अन्य पैगम्बरहरूलाई (सन्देष्टाहरुलाई) तिनका पालनकर्ताबाट प्रदान गरिए, तिनीमाथि

सम्पूर्ण आस्था राख्दछौं । हामीले ती पैगम्बरहरूमा कुनै भेदभाव गर्दैनौं र हामी उही एक अल्लाहका आदेश पालन गर्नेहरू हौं । ( सूरतुल् बकरः १३६ )

☐ त यी विशाल आधारहरू जसको आदेश अल्लाहले आफ्नो भक्तहरूलाई दिएको छ ती आधारहरू नै हुन् जसमाथि समस्त दूत र सन्देष्टाहरूको एकमत छ, र ती आधारहरू ईमानका विशाल सिद्धान्त र ज्ञानलाई आफूभित्र समाविष्ट गरेका छन् र ती समस्तलाई शामिल छ जसद्वारा अल्लाहले आफूलाई सन्देष्टाहरूको माध्यमले विशेषित गरेको छ, र जसलाई आफ्नो प्रसन्नता पाउने माध्यम पनि बनाएको छ ।

☐ यसर्थ धर्मको अर्थ हो अल्लाहमाथि विश्वास गर्नु, र त्यसको फल यो हो कि ती समस्त कुराहरूमा अग्रसरता देखाइयोस् जसबाट अल्लाह राजी र प्रसन्न हुन्छन् र ती समस्तलाई पूर्ण निष्ठाको साथ अल्लाहको लागि गरियोस्, त यति ज्ञान भए पश्चात यो कल्पना गर्न सकिन्छ कि यस धर्मभन्दा पनि कुनै अरु धर्म श्रेष्ठ र गरिमावान एवं महान हुन्सक्छर ?

□ र यो यस्तो धर्म हो जुन यो आदेश गर्छ कि जति कुराहरू पनि सन्देष्टाहरूलाई प्रदान गरिएको छ ती समस्तमाथि आस्था र विश्वास राख, र उनीहरूको दूतत्वलाई सत्य मान, र जुन सत्यता अल्लाहद्वारा उनीहरूलाई प्राप्त भएको छ त्यसमा विश्वास गर, र समस्त रसूलहरूबीच विभाजन नगर, र यो आस्था राख कि समस्त अल्लाहका सन्देष्टा र त्यसको प्रकाशनाका धरोहरी हुन्। र यो कुरो दुर्लभ छ कि उनीहरूमाथि कुनै प्रकारको टिप्पणी गर्न सकियोस्।

□ यसर्थ यो धर्म प्रत्येक हक बातको आदेश गर्छ, र प्रत्येक सत्यताको समर्थन गर्छ, र प्रत्येक ती धार्मिक वास्तविकताहरूलाई पुष्टि गर्छ जसको स्रोत मात्र वह्य हो, र मनीषीय एवं प्राकृतिक वास्तविकताको पनि समर्थन गर्छ, यसर्थ सत्यलाई कुनै पनि परिस्थितिमा अस्वीकृत गर्दैन, न त झूठको समर्थन नै गर्छ नत त्यसमाथि असत्य अधिपत्य नै पाउन सक्दछ, किनकि यो धर्म समस्त धर्महरूमाथि अधिपत्यशाली छ।

र यो धर्म सराहनीय शिष्टाचार र नैतिकताको आदेश गर्छ, र भक्तहरूका हितकर कुराहरूको पनि, र न्याय निसाफ मानवता श्रेष्ठता र दयातर्फ प्रोत्साहित गर्छ, र अन्याय अत्याचार व्यभिचार र अनैतिकताबाट सावधान गर्छ । यसर्थ यस्तो कुनै राम्रो र परिपूर्ण नैतिकता छैन जसलाई सन्देष्टाहरूले पुष्टि गरेका होउन् तर यो धर्म पनि त्यसलाई पुष्टि गर्दै समर्थन गर्छ, र यस्तो कुनै संसारिक र परलौकिक हितकर कुरा छैन जसतर्फ अन्य धर्महरूले बोलाएका होउन् तर यो धर्म पनि त्यसतर्फ प्रेरित गर्छ त्यसतर्फ बोलाउँछ, र कुनै यस्तो विकारयुक्त कुरा छैन जसबाट धर्महरूले रोकेका होउन् तर यो धर्म पनि त्यसबाट रोक्दछ ।

□ तात्पर्य यो कि यस धर्मका सिद्धान्त र अनुष्ठानहरू हुन् जसद्वारा हृदयहरू पवित्र र स्वच्छ हुन्छन्, र आत्माहरूमा सुधार आउँछ, र त्यसैद्वारा सराहनीय कार्य कुरा र नैतिकताहरूको नीव राखिन्छ ।

## दोस्रो उदाहरण

ईमान पश्चात इस्लामका ठूला विधानहरूमध्ये ( निर्देशनहरूमध्ये) हुन्: नमाज कायम गर्नु, धर्मदाय दिनु, रमजान महिनाको व्रत बस्नु, र बैतुल्लाहको हज्ज गर्नु ।

यी महानतम निर्देशनहरू र त्यसका लाभहरूमा विचार गर्नुस्, र यसलाई कार्यन्वयनमा ल्याए पश्चात त्यसका शीघ्रतम र आगामी प्रतिफलमाथि पनि ।

□ र विचार गर नमाजमा अल्लाहको लागि पाइने निष्ठाको बारेमा, र त्यस अल्लाहतिर प्रवृत्त हुने र पूर्णरूपले त्यसलाई नतमस्तक हुने कुरामा, र त्यसमा गरिने याचना समर्पण र प्रशंसाको बारेमा, र यो नमाज आस्थाको लागि त्यस्तै छ जसरी बगैचाको लागि रुख जसको कारण बगैचाको देखरेख गरिन्छ, र यदि यो नमाज दिनराती एकपछि आर्को बारम्बार आउँदैन्थ्यो भने यो आस्थाको लागि रुख झैं हुँदैन्थ्यो, तर यो आस्था नमाजको बारम्बार स्तुतिद्वारा नवीकरण हुँदैरहन्छ ।

र हेर नमाजलाई के कसरी त्यो अल्लाहमा समर्पण र त्यसको भक्तिमाथि आधारित छ जुन सबैभन्दा ठूलो र महान कुरो हो, र हेर कि यो नमाज कसरी अनैतिक र अनुचित कुराहरूबाट र अश्लीलता एवं निर्लज्जताबाट सुरक्षा प्रदान गर्छ ।

□ र जकात (धर्मदाय) लाई हेर, र हेर ती समस्त नैतिकता, आचरण र शिष्टाचारहरूलाई जुन त्यसमा नीहित छन् जसरी उदारता, र घृणित कार्यहरूबाट र अनैतिकताहरूबाट टाढा रहनु, र अल्लाहको अनुकम्पामा त्यसको कृतज्ञता प्रकट गर्नु, र माललाई लौकिक र अलौकिक हानि पुऱ्याउने कुराहरूबाट सुरक्षित राखनु, र जुन यस जकातद्वारा पूर्ण मानवजातिमाथि र विशेषरूपले निर्धन र गरिब एवं दरिद्रहरूमाथि उपकार गरिन्छ, र आवश्यकता भएका मानिसहरूको आवश्यकतालाई यसद्वारा पूर्ण गरिन्छ ।

यसर्थ जकातद्वारा बाधित र आवश्यकता भएका मानिसहरूको अवस्था सुधारिन्छ, र यसैद्वारा धर्मयुद्धमा सहायता गरिन्छ, र ती हितकर

सार्वजनिक कुराहरूलाई कार्यन्वयनमा ल्याइन्छ जसद्वारा समस्त मुसलमानहरू लाभान्वित हुन्छन्, र यसैद्वारा निर्धनता र गरिबीलाई हराइन्छ, र यसैद्वारा अल्लाहको प्रतिज्ञामा भरोसा गरिन्छ र त्यसको प्रतिफलको आशा गरिन्छ ।

 र व्रतद्वारा मान्छेलाई अल्लाहको प्रसन्नता प्राप्तिको लागि ती कुराहरूलाई त्याग्नुको अभ्यास गराइन्छ जुन त्यसको समीप अति प्रिय हुन्छ, र यसद्वारा आत्मालाई दृढता र धैर्यताको अभ्यास गराइन्छ ।

र यसमा निष्ठालाई सशक्त गर्ने माध्यमहरू छन्, र त्यसको प्रेमलाई अरु हृदयका प्रेमहरूमाथि प्राथमिकता प्रदान गर्ने स्रोतहरू पनि छन्, र यसै कारण व्रत मात्र अल्लाहको लागि हुन्छ जसलाई अल्लाहले समस्त पूजाहरूमध्येबाट आफ्नो लागि विशिष्ट गरिलिएको छ ।

 र रह्यो कुरो हज्जको त हज्जमा जति माल खर्च गरिन्छ र जुन कष्ट र दु:खलाई सहन गरिन्छ अल्लाहको प्रसन्नता र सामीप्यता पाउनको लागि, र

त्यसको घरभित्र त्यससित कानेखुसी गर्नुको लागि, र त्यसले निर्धारित गरेको शहर, पावन स्थान र निशानीहरूमा त्यसको नानाप्रकारले भक्ति गर्नुको लागि जसलाई अल्लाहले आफ्नो सत्यनिष्ठ भक्तहरू र पाहुनाहरूको लागि विशिष्ट गरेको छ ।

र जुन यी पावन स्थलहरूमा पूर्णरूपले अल्लाहलाई नतमस्तक हुनु र त्यसको महानताको वर्णन गर्नुको सुअवसर पाइन्छ, र त्यसका सत्यनिष्ठ र मनोनीत सन्देष्टा र दूतहरूको सम्भना गर्न पाइन्छ जसद्वारा हृदयलाई बल र दृढता प्राप्त हुन्छ, र उनीहरूबाट प्रेम गर्नुमा अरु शक्ति मिल्छ ।

र जुन यसद्वारा समस्त मुसलमानहरूसित परिचयको अवसर प्राप्त हुन्छ, र समस्तलाई एकमत गर्नुको अवसर मिल्छ, र ती समस्त सार्वजनिक हितकर कुराहरूमा एकमत हुने अवसर प्राप्त हुन्छ जसलाई स्थगित गर्न सकिन्न, यसर्थ यी कार्यहरू इस्लामका महानतम् विशेषताहरूमध्येका हुन्, र यसद्वारा आस्थावानहरूलाई अत्याधिक हितकर लाभहरू प्राप्त हुन्छन् । र जुन उपरोक्तमा वर्णन गरिएको छ त्यो मात्र त्यसको विशेषताको संक्षिप्त र सार मात्र हो ।

# तेस्रो उदाहरणः

□ जुन अल्लाहले समस्तलाई प्रेमभाव र एकमत रहनुको सदउपदेश गरेको छ र विभाजित हुनुबाट र मतभेद गर्नुबाट रोकेको छ । त यस मूल महान आधारमाथि धेरै प्रमाणहरू र कुरआनीय श्लोकहरू प्रमाणीकरण गर्छन्, र यसमा समाजका अत्याधिक हितकर कुराहरू नीहित छन्, र यसैमा अधिकांश सांसारिक र परलौकिक हितकर कुराहरू निर्भर छन्, र यसद्वारा कतिपय हानिकारक तथ्यहरू र विकारयुक्त कुराहरू हटिन्छन् ।

□ र कसैमाथि यो कुरो पनि लुकेको छैन कि यसैमाथि त्यस शक्तिको निर्भरता छ जुन स्वयम् सत्यमा आधारित हुन्छ र यो नै त्यसको मूल आधार हो ।

जसरी कि यो पनि ज्ञात हुन्छ कि यस उम्मतको (समूहको) आरम्भिक कालमा भएका मानिसहरू (सहाबीहरू) जुन इस्लामीक पूर्णतयामा कायम हुने स्थितिमा थिए र जुन इज्जत सम्मानको अवस्थामा

उनीहरू थिए जससम्म पछि आएका मानिसहरू अहिलेसम्म पुग्न सकेका छैनन्, त ती समस्त यसै मूल आधारमा कायम हुनुको करण थियो, किनकि उनीहरू यसमा पूर्णतया दृढताको साथ कायम थिए यस दृढ विश्वासको साथ कि यो नै यस धर्म इस्लामको मूल मर्म र आत्मा हो । त यो कुरो यस आधारको महानता र आवश्यकतालाई अरु स्पष्ट पारिदिन्छ ।

# चौथो उदाहरण:

इस्लाम धर्म दया प्रेमभाव उपकार र कल्याण एवं उदगारको धर्म हो, जुन मानवताको कल्याणतर्फ प्रोत्साहित गर्छ ।

त यस धर्ममा जुन दया, सुव्यवहार र उपकारतर्फ आमन्त्रण गर्नु, र ती समस्त कुराहरूबाट मनाही गर्नु, जुन यस विरुद्ध छन् त्यो नै यस धर्मलाई घोर अंध्यारोमा प्रकाश, र अत्याचार र अन्याय एवं कुव्यवहारमा दया प्रेमको प्रकाश सिद्ध गर्छ ।

□ र यसै कुराले ती घातक शत्रुहरूलाई पनि आफूतिर आकर्षित गऱ्यो जुन यसका सबैभन्दा विशाल शत्रु थिए यहाँसम्म कि उनीहरू यसलाई कबूल गरेर यसको क्षत्रछायामा आए ।

र यो नै त्यो मूल मर्म हो जसले आफूलाई मान्नेहरूमाथि दयावान भयो यहाँसम्म कि दयाभाव प्रेमभाव उदारता र क्षमाशीलता उनीहरूको हृदयबाट निस्केर उनीहरूको व्यवहार र कुराकानीमा जाहेर हुन्थाल्यो, बरु त्यसलाई नमान्ने शत्रुहरूसम्म

पनि पुग्यो, अनि उनीहरू यसको दास भएर घनिष्ट मित्र भए । त ती मानिसहरूमध्ये कतिपय यसलाई राम्रो बुझेको कारण यसमा प्रवेश गरे, त कतिपय यसका भावुक र निर्मल निर्देशनहरूलेगर्दा र यसलाई अङ्गीकार गरिसकेका मानिसहरूको दया प्रेम र सुव्यवहार हेरेर यसमा प्रवेश गरे ।

## पाँचौं उदाहरण:

इस्लाम धर्म तत्वदर्शितायुक्त एवं प्रकृतिक धर्म हुनुको साथै मनोवैज्ञानिक सफलता र हितको धर्म हो ।

□ त यो आधार स्पष्ट गर्छ ती समस्त कुराहरू, आदेश एवं निर्देशनहरूलाई जसलाई आफूभित्र समावेश गरेको छ, र जसलाई प्रकृति र मनीष पनि स्वीकार्दछ, र जसको अनुशरण गरिन्छ सत्य र सही सम्झेर, र यस कारणले पनि कि जुन यसमा अरु निर्देशनहरू र राम्रो व्यवस्थापन छ समस्त प्रत्येक स्थान र युगहरूको लागि उपयुक्त छ ।

यसर्थ त्यसले दिएका समस्त खबरहरू सही र सत्य छन्, र यस्तो कुनै पनि विज्ञान नत आएको छ नत भविष्यमा आउने नै छ जुन यसलाई असत्य प्रमाणित गरोस् वा त्यसको विरोधी होस्, बरु समस्त सही ज्ञानहरू यसको समर्थन गर्छन्, त यो कुरो यसको सत्यता र यथार्ततामा अकाट्य प्रमाण हो ।

□ र न्यायप्रिय अनुसंधानकर्ताहरूले अनुसंधान गरेर यो प्रष्ट गरेका छन् कि जति पनि संसारिक, धार्मिक र नीतिगत ज्ञानहरू छन् ती समस्ततिर कुरआनले मार्गदर्शन र प्रमाणीकरण गरेको छ यस्तो तरिकाले जसमा कुनै शंका सन्देहको गुन्जाइश नै छैन ।

यसर्थ इस्लाम धर्ममा कुनै यस्तो कुरा छैन जसलाई मनीष कबूल नगरोस् वा मनीषलाई हैरान पारेस्, बरु यसमा त यस्ता कुराहरू संग्रह छन् जसको सहमति शुद्ध र विशुद्धताप्राप्त मनीषहरू समर्थन गर्छन्, र त्यसको सत्यतालाई र हितकर हुने कुरालाई प्रमाणीकरण गर्छन् ।

र बुद्धिमान र बाठो मानिस जति यसका निर्देशनहरूमा चिन्तन मनन् गर्छ त्यति नै त्यसको आस्था र विश्वासमा अभिवृद्धि हुँदै जान्छ, र त्यसको हृदयमा यो आस्था अरु दृढ हुँदै जान्छ कि निःसन्देह यो तत्वदर्शि महान र पवित्र अल्लाहको तर्फबाट अवतरित गरिएको हो ।

## छठौं उदाहरणः

जुन यो धर्म भलाईका कार्यहरूतर्फ आह्वान गर्ने र बुराईका कार्यहरूबाट रोक्ने र धर्मयुद्धका निर्देशनहरू ल्याएको छ ।

□ त जुन (जिहाद) धर्मयुद्ध यो धर्म ल्याएको छ त्यसको अर्थ होः यस धर्ममाथि र यसका सीमाहरूमाथि अतिक्रमण गर्ने शत्रुहरूलाई यस्तो गर्नुबाट रोक्नु, र तिनको यस अमानवीय कार्य र दावीलाई निर्मूल पार्नु ।

र निःसन्देह यो नै सर्वोत्कृष्ट धर्मयुद्ध हो जसद्वारा कुनै शारीरिक आत्मिक र संसारिक लाभ अभीष्ट हुँदैन ।

र जुन मानिस पनि यस आधारका प्रमाणहरू र नबी सल्लल्लाहो अलैहे वसल्लमको र उहाँका साथीहरूको व्यवहारहरू र उनीहरूको उनीहरूका शत्रुहरूप्रति व्यवहार कस्तो थियो यस कुरालाई हेर्छ त त्यसलाई निःसन्देह यो थाहा भइहाल्छ कि धर्मयुद्ध आवश्यकताहरूमा पनि प्रविष्ट र लागू हुन्छ र सीमाउल्लंघनकारीहरू विरुद्ध पनि ।

 र यस्तै छ भलाईको आदेश गर्नु र कुकर्मबाट रोक्नुको कुरो, किनकि यो धर्म तबसम्म पूर्णतया कार्यन्वयनमा ल्याउन सकिदैन्थ्यो जबसम्म यसका अनुयायीहरू यसका आदेश र विधानहरूलाई कार्यन्वयनमा नल्याउन्, र यसले गरेको आदेशको पालना नगरुन् जुनकि सफलताको मूल नीव हो । र यसले वर्जित गरेको कुराहरूबाट रुकि नहालुन् जुनकि समस्त बुराई र उपद्रवको जग हो । र सबै यसमा कार्यरत रहुन् ताकि कसैको आत्मा त्यसको अत्याचारलाई त्यसको दृष्टिमा सुहाउँदो कुरो नबनाइदेओस् जुनकि हराम छ, र त्यसलाई ती अनिवार्य कार्यहरूमा कोताही गर्नुतर्फ नलगाइदेओस् । त यो कार्य बिना सुकार्यको आदेश गरिकन् र

बुराईबाट नरोकिकन् पूर्ण हुन्सक्दैन्थ्यो । त यसै कारण भलाईको आदेश गर्नु र कुकर्मबाट रोक्नु यस धर्म इस्लामका महान र प्रमुख विशेषतामध्येहरूको हो, र यसका महत्वपूर्ण आवश्यक कुराहरूमध्येको पनि जुन यसलाई कार्यन्वयनमा ल्याउनुमा सहायक होस् । जस्तोकि यसद्वारा नै कुकर्मी र पापी एवं कुटिल मानिसहरूलाई सुमार्गतर्फ ल्याइन्छ, र यसैको माध्यमले उनीहरूलाई अनुचित कार्यहरूबाट छुट्कारा दिलाइन्छ, र सर्वोत्कृष्ट शिष्टाचारतर्फ लगाइन्छ ।

त रह्यो कुरो उनीलाई पूर्ण स्वतन्त्रता दिनुको जबकि उनीहरू यस धर्मका आदेशको अनुयायी बनिसके र यसको विधानको अनुशरणकारी भए, त यस्तो गर्नाले उनीमाथि नै अत्याचार गर्नु हो, र उनीहरूलाई नै हानि पुऱ्याउनु हो, र यसको साथै समाजलाई पनि हानि पुऱ्याउनु हो, र विशेषरूपले जब उनीलाई यस्ता हक अधिकारहरूमा स्वतन्त्रा प्रदान गरियोस् जुन उनीमाथि धार्मिक र सामाजिक एवं मनोवैज्ञानिक तरिकाले अनिवार्य छन् ।

# सातौं उदाहरणः

इस्लामले व्यापार, पारिश्रमिक, आधाबटाई, साझेदारीमा कार्य गर्नु, र ती समस्त लेनदेनलाई जायज गरेको छ जसमार्फत मानिसहरू व्यापार व्यवसाय र लेनदेन गर्छन्, र ऋण उधार ..... आदिमा व्यवहारिक रूपले कार्यन्वयनमा ल्याउँछन् ।

त इस्लामले यस्ताखालका समस्त कुरालाई जायज गरेको छ, र यसमा मानिसहरूलाई स्वतन्त्रताको अधिकार प्रदान गरेको छ, किनकि यी कुराहरू मानिसहरूको लागि उनीहरूको आवश्यकताहरू र दैनिक क्रियाकलाप र व्यवहारहरूमा लाभप्रद छन्, र यसमा मानिसहरूलाई अति सुगमता प्रदान गरेको छ जसलेगर्दा भक्तहरूको दैनिक आवश्यकता र त्यस बाहेक जीविका प्राप्तिमा सरलता होस् ।

र यसलाई वैधानिक गर्नुमा इस्लामीय विधानले दुवै पक्षको स्वीकृतिलाई शर्त मानेको छ, साथै यो शर्त पनि राखेको छ कि जुन कुरालाई खरिद विक्री गरिरहेका छन् त्यो अज्ञात र अदृश्य नहोस्, र जुन

विषयमा खरिद विक्री गरिन्छ त्यसका शर्तहरूबारे र त्यसका प्रभावहरूबारे ज्ञान हुनु ।

र ती समस्त कुराहरूबाट रोक लगाइदियो जसमा हानि वा अत्याचार छ, जसरी जुआ, सुदव्याज र अज्ञात कुराहरूको खरिद विक्री, र यस जस्ता समस्त व्यापारका थरीहरू पनि ।

त जुन मान्छे पनि इस्लामीय वैधानिक व्यापारका नियम कानूनमाथि विचारविमर्श गर्छ त्यो त्यसमा ती तथ्यहरूको दर्शन गर्नेछ जुन मान्छेको संसारिक र धार्मिक भलाईको जमानत दिन्छन् ।

र अल्लाहले भक्तहरूमाथि तत्वदर्शिता र अनुग्रह प्रदान गर्नुको वाचा गरेको छ, यसै कारण त्यसले ती समस्त कुराहरूलाई ग्राह्य गरिदिएको छ जुन शुद्ध र पवित्र छन् अब चाहे ती कार्य होउन् वा व्यापार वा पारिश्रमिक वा खाने कुरा वा पेय पदार्थ वा कुनै पनि लाभदायक कुराका स्रोतहरू र माध्यमहरू ।

## आठौं उदाहरण:

इस्लामले समस्त पवित्र र शुद्ध कुराहरूलाई जायज (ग्राह्य) गरेको छ अब चाहे त्यो खाद्य पदार्थमध्येको होस् वा पेय पदार्थमध्येको, लुगा फाँट होस् वा शादी विवाहमध्येको ।

 त ती समस्तलाई इस्लामले हलाल र जायज गरेको छ जुन पवित्र कुराहरू अन्तर्गत आउँछन्, यसर्थ अन्नका समस्त थरीहरूलाई र पानीमा भएका जीवहरूका मासु, र थलमा रहने जनावरहरूको मासुलाई जायज भनेको छ, र यी समस्तमध्ये मात्र त्यसबाट रोकेको छ जुन मनीष र धर्म अथवा शरीर वा सम्पत्तिको लागि अशुद्ध र हानिकारक एवं अपवित्र छन् ।

त जसलाई त्यस अल्लाहले ग्राह्य गर्‍यो त्यो त्यसको उपकार र त्यसको धर्मको विशेषतामध्येको हो, र जसबाट रोकिदियो त त्यसको रोक्नु पनि त्यसको उपकारमध्येको नै हो, किनकि भक्तहरूलाई यस्तो कुराबाट रोकेको छ जुन उनीहरूको लागि हानिकारक छ ।

र यो त्यसको धर्मको विशेषता नै हो कि त्यसका समस्त निर्देशनहरूमा तत्वदर्शिता र भलाई नीहित छ, र हानिकारक कुराहरूको रियायत पनि ।

 यस्तै विवाहको सम्बन्धमा यो जायज गरेको छ कि मान्छेलाई जुन युवती मनपरोस् त्यसैसित विवाह गरोस् चार युवतीसम्म । त यसमा पनि दुवै पक्षको लागि भलाई छ र दुवै पक्षबाट हानिलाई हटाउँनु पनि ।

र यसको साथै भक्तको लागि एउटै समयमा चार स्वतन्त्र महिलाभन्दा अधिकसंग विवाह गर्नुलाई जायज गरेन किनकि चारभन्दा अधिकसँग विवाह गर्नुमा अन्याय अत्याचारको भय छ ।

र यसको साथै यो कुरातर्फ पनि प्रोत्साहित गरेको छ कि यदि अन्याय अत्याचारको भय छ भने मात्र एक महिलासित विवाह गर्नुले पनि पुग्छ, जसलेगर्दा त्यो अन्याय अत्याचारबाट बाँचेर सुखद वैवाहिक जीवनको आनन्द भोग्न सकोस् ।

□ त जसरी कि विवाह विशाल अनुकम्पा र प्रमुख आवश्यकतामध्येको हो, यसै कारण अल्लाहले पारपाचुके (तलाक) लाई पनि जायज गरेको छ, ताकि जससित मान्छेको हृदय उत्पीडित भइहालोस् वा दुवैबीच असहमतिको उत्पात भइहालोस् त त्यो त्यसैसँग जीवन व्यतीत गर्ने उत्पीडनमा बाध्य नरहोस् जस्तोकि अल्लाहको फर्मान छ :

﴿ وَإِن يَتَفَرَّقَا يُغْنِ ٱللَّهُ كُلًّا مِّن سَعَتِهِۦ ۚ وَكَانَ ٱللَّهُ وَٰسِعًا حَكِيمًا ﴿١٣٠﴾ ﴾ النساء: ١٣٠

अर्थ : यदि लोग्ने र स्वास्नी एक अर्काबाट छुटिन्छन् भने अल्लाहले प्रत्येकलाई आफ्नो अति दानशीलताले प्रशस्त साधन प्रदान गर्नेछ र अल्लाह अति उदार र बुद्धिमता सम्पन्न छ । ( सूरतुन्निसा १३० )

## नव्वौं उदाहरण:

अल्लाह र अल्लाहका रसूलले मानवबीच एकआर्काको निम्ति यस्ता हक अधिकारलाई

अनिवार्य गरेका छन् जुन कि समस्तसित भलाई उपकार न्याय निसाफको व्यवहार गर्नु र अन्याय अत्याचारलाई त्याग्नु हो ।

जसरी कि ती हक अधिकारहरू जुन मान्छेको माता पिताप्रति त्यसमाथि अनिवार्य गरिएका छन्, र त्यसका सन्तान, आफन्ती, छरछिमेकी, साथीभाइ र सेवक नोकरप्रति अनिवार्य गरिएको छ, र यस्तै श्रीमती र श्रीमानका एकआर्कामाथि जुन हक अधिकार अनिवार्य गरिएको छ त्यो पनि ।

त यी यस्ता अधिकारहरू हुन् जुन व्यक्तिविशेष र समाजको आवश्यकता हुनुको साथै त्यसको लागि पूरक पनि हुन्, जसलाई प्रकृति र बुद्धिजीविहरू राम्रो मान्दछन्, र जसद्वारा सामाजिक कुराहरू राम्ररी सम्पन्न गरिन्छ, र त्यसैद्वारा लाभदायक कुराहरूको आदान प्रदान गरिन्छ हकवालाको श्रेणी र अवस्थाको आधारले ।

र तपाई यसमा जति विचार गर्नुहुन्छ त्यति नै यसमा भलाईको आभास गर्नुहुन्छ, र बुराईको पतनको अनुभव गर्नुहुन्छ, र यसमा सामान्य र

विशिष्ट र हितकर प्रेम र सुव्यवहारको दर्शन गर्नुहुन्छ जुन तपाईमाथि यस धर्मको महानतालाई सुदर्शित गर्छ, र यस कुरालाई पनि कि यो धर्म दुवै लोकको भलाई र सफलताको जमानत दिन्छ ।

र यी समस्तको साथै तपाई यो पनि अनुभव गर्नुहुन्छ कि यस धर्मले तोकेका हक अधिकारहरू समस्त स्थान र समय एवं समस्त परिस्थिति र रीतिको लागि एकनास उपयुक्त छन्, र यसलाई समस्त प्रकारका हितकर कुराहरूको सार पाउनुको साथै समस्तको मनोकामना पूर्ण गर्नेवाला र ईर्ष्या र शत्रुतालाई नाश गर्नेवाला पनि पाउनुहुन्छ ।

र यी समस्तको ज्ञान यसबारे अध्ययन गरे पश्चात र यसका विषयवस्तु र सन्दर्भलाई अध्ययन गरे पश्चात नै थाहा हुन्छ ।

# दशौं उदाहरण:

पैतृक धन सम्पत्ति र त्यससित संलग्न समस्त समस्या र त्यसका निवारण र पैतृक धनको भागवण्डाको तरिकालाई इस्लामले विस्तारले वर्णन गरेको छ, र यसको तत्वदर्शितातर्फ अल्लाहले यसरी संकेत गरेको छ:

﴿ لَا تَدْرُونَ أَيُّهُمْ أَقْرَبُ لَكُمْ نَفْعًا ﴾ النساء: ١١

अर्थ : तिमीलाई फाइदाको दृष्टिकोणले कुन चाहीँ धेरै नजिक छ तिमीलाई थाहा छैन । (सूरतुन् निसा ११ )

त अल्लाहले आफ्नो ज्ञानलेगर्दा मालको भागवण्डा यसरी निर्धारित गरेको छ जुन समस्तको लागि लाभदायक होस्, र जुन मान्छेको हृदयमा त्यसको मालप्रति इच्छा लालसा हुन्छ कि त्यसको माल त्यसलाई मिलोस् त्यसलाई पनि ध्यानमा राखेर र यस कुरालाई ध्यानमा राखेर कि कुन व्यक्ति कतिको हकदार छ समस्तलाई यसरी निर्धारित गऱ्यो जस भागवण्डालाई समस्त शुद्ध मनीषीहरू राम्रो भन्छन् ।

र यदि यसको भागवण्डा मान्छेहरूको इच्छामा निर्भर गरिन्थ्यो भने त यस समस्यामा विकार र अशुद्धि उत्पन्न भइहाल्थ्यो र पक्षपात गरेर यसमा यस्तो मानिसहरूलाई माल प्रदान गरिन्थ्यो कि समस्त कुरा अस्तव्यस्त र अव्यवस्थित भइहाल्थ्यो ।

 र अल्लाहले भक्तलाई यस कुरामा यो स्वतन्त्रता प्रदान गऱ्यो कि त्यो सत्मार्गमा आफ्नो मालको केही अंशलाई दान दिने उद्देश्यले वसीयत ( इच्छापत्र) गरोस्, तर साथै यो कुरो पनि निर्धारित गऱ्यो कि पूर्ण मालको एक तिहाइभन्दा अधिकको वसीयत गर्न सक्दैन, र यो पनि स्पष्ट पारिदियो कि यो वसीयत त्यस व्यक्तिको लागि नगरोस् जुन त्यसको वारिस पनि होस्, ताकि जसलाई अल्लाहले समस्त मानिसहरूको लागि जीविका र शुद्धताको कारण र माध्यम बनाएको छ त्यसैलाई बुद्धिहीन र अधर्मीहरू आफ्नो मृत्युको समय खेलवाडको माध्यम नबनाउन् । र रह्यो कुरो उनीहरूको स्वस्थता र शुद्धताको अवस्थाको त त्यस समय उनीहरूले निर्धनताको भयको कारण माल खर्च

गर्दैनन् जुनकि उनीहरूको लागि हानिकारक नै हुन्छ ।

## ग्याह्रौं उदाहरणः

दोषहरूको थरीहरू बमोजिम यस धर्मले ल्याएका दण्डहरू र त्यसका समस्त थरीहरू ।

 र यो यस कारण किनकि दोष गर्नु र भक्त एवं अल्लाहको हक अधिकारमाथि अतिक्रमण गर्नु यस्तो ठूलो अत्याचार हो जसद्वारा नियम उल्लंघन गरिनुको साथै संसारिक र धार्मिक नियमहरूको पनि उल्लंघन गरिन्छ, यसै कारण यी दोष र अतिक्रमण र सीमा उल्लंघनहरूको लागि अल्लाहले यस्ता दण्डहरू तोकेको छ जुन यसलाई गर्नेहरूको लागि पूर्ण सचेतक हुनुको साथै यसको घटित हुनेक्रमलाई रोकोस्, र ती निर्धारित दण्डहरूमध्ये वध गर्नु, हात काट्नु, कोर्रा लगाउनु, र यस बाहेक नानाथरीका सचेतक दण्डहरू छन् ।

र यी समस्तमा सामान्य र विशिष्ट लाभ र हितहरू नीहित छन् जसलाई बुद्धिमान मान्छे यस धर्मको

विशेषताको रूपमा हेर्छ । र बुराईलाई धार्मिक विधान बाहेक कुनै अरु तरिकाले पूर्णतया नष्ट र समाप्त गर्न सकिदैन, जसलाई (विधानलाई) अल्लाहले बुराईको कमी अधिकता, ठूलो सानो हुने अवस्थाको आधारमा निर्धारित गरेको छ ।

## बाह्रौं उदाहरणः

इस्लामीय विधानले मान्छेलाई आफ्नो माललाई कार्यन्वयनमा ल्याउनुबाट प्रतिबन्धित गरेको छ जब त्यसको यस कार्यद्वारा स्वयम् त्यसलाई वा अरुलाई हानि पुग्ने सम्भावना होस् ।

र यसको उदाहरण हो पागल, बुद्धिहीन, र सानो बालकलाई प्रतिबन्धित गर्नु, र यस्तै श्रृणीलाई प्रतिबन्धित गर्नु ताकि जस जसबाट त्यसले श्रृण लिएको छ तिनीहरूलाई हानि नपुगोस् ।

□ र यो समस्त इस्लाम धर्मको सुन्दरता र विशेषतामध्येको हो, किनकि मान्छेलाई त्यसको त्यस माललाई खर्च गर्नुबाट रोक लगाइदियो जसको त्यो वास्तवमा हकदार थियो, त जब त्यसको यस

कार्यमा नाफाभन्दा हानिको सम्भावना भयो त त्यसको हानिकारकता हितभन्दा अधिक भयो यसर्थ त्यसमा त्यसलाई कुनै प्रकारको उपयोग र गतिविधिबाट रोक लगाइलियो सबैलाई यस कुराको ज्ञान गराउने उद्देश्यले कि तिनीहरू यस्ता लाभदायक कार्य गरुन् जसमा हानिको सम्भावना नहोस् ।

## तेह्रौं उदाहरणः

यस्तै यस धर्मले हक अधिकारको जमानत दिने प्रतिबद्धता, प्रतिज्ञा, अठोट ... आदिलाई जायज गर्‍यो जसद्वारा हक अधिकार धन सम्पत्तिको जमानत दिइन्छ ।

□ जसरी गवाही दिनु जुन हकलाई पूर्ण गर्नुमा सहायक हुन्छ, र त्यसबाट इन्कार गर्ने कुरालाई रोक्दछ, र शंका सन्देहलाई समाप्त गर्छ । जसरी धरौटी, रेहन, जमानत आदि जसद्वारा हकलाई पूर्ण गरिन्छ यदि श्रृणी श्रृण चुक्ता गर्न सक्दैन ।

त यसमा जुन लाभ नीहित छ त्यो कसैसित लुकेको छैन । यसैद्वारा हकको रक्षा गरिन्छ, र आपसी लेनदेनलाई व्यवस्थित गरिन्छ, र हकदारको हक न्यायपूर्वक त्यसलाई फर्काइन्छ। र यसैद्वारा समस्त व्यापारिक समस्याहरूको समाधान गरिन्छ ।

र यदि यस धरौटी र जमानतको चलन नभएको भए धेरै व्यवहारिक र व्यापारिक लेनदेन सम्पन्न हुँदैन्थे, यसर्थ यो हकवालाहरूको लागि र जसले उधारी लिएको छ दुवैको लागि अति लाभदायक छ ।

## चौद्हौं उदाहरण:

यस धर्मले उपकार गर्नुतर्फ उत्साहित गरेको छ जसद्वारा उपकार गर्नेवाला अल्लाहकहाँ राम्रो प्रतिफलको हकदार हुनुको साथै मानिसहरूबाट पनि राम्रो प्रतिफल पाउँछ, फेरि त्यसको माल जस्तोको त्यस्तै उसतिर फर्केर आउँछ। यसर्थ यस प्रकारको कार्य सर्वोत्कृष्ट कार्य हो जसमा मान्छेको कुनै प्रकारको हानि हुँदैन, जसरी श्रृण दिनु उधारी दिनु ।

त यसमा अनेकौं हितहरू हुनुको साथै मानिसहरूको आवश्यकता पूर्ण गर्नु, र उनीहरूबाट विपदा हटाउनु, र यस्तो पुण्य र सुकार्यको प्राप्ति छ जसको आँकलन र कल्पना पनि गर्न सकिदैन ।

र यसको साथ यो कुरो पनि छ कि मान्छेको माल त्यसलाई फिर्ता मिलिहाल्छ, र मालको साथै त्यो अल्लाहबाट प्रतिफलको पनि हकदार बनिहाल्छ । र यस कार्यद्वारा त्यो आफ्नो भाइमाथि उपकार पनि गरिहाल्छ जसको कारणले दुवैबीच प्रेमभाव र मित्रता र सम्बन्धको राम्रो विस्तार हुन्छ ।

र रह्यो यस्तो उपकारको कुरो जसलाई गरे पश्चात त्यसलाई फिर्ता लिइन्न त यसतर्फ धर्मदाय र दानको विषयमा संकेत गरिएको छ ।

## पन्द्रहौं उदाहरण:

ती नियम कानून र विधिहरू जसलाई अल्लाहले झगडा, विवाद आदि समस्याहरूको समाधान गर्नुको लागि आधार बनाएको छ जुन दुवै पक्ष (वादि,

प्रतिवादी) बीच सत्यतालाई चयन गर्नुमा सहायक हुन्छ ।

त यी विधिहरू न्याय निसाफमा आधारित छन् जुन प्रकृति र रीति अनुकूल पनि छन् । यसर्थ जसले कुनै दावी गर्छ त्यसमाथि यो विधि अनिवार्य गर्छ कि त्यो आफ्नो दावीलाई सत्य प्रमाणित गर्नुको लागि कुनै प्रमाण प्रस्तुत गरोस् । त जब त्यो कुनै यस्तो प्रमाण पेश गर्नुमा सफल भइहाल्छ जुन त्यसको दावीलाई बल पुऱ्याओस् वा त्यसलाई सिद्ध गरोस्, त जुन कुराको त्यसले दावी गरेको हुन्छ त्यो त्यसलाई प्राप्त भइहाल्छ । र जहिले पनि त्यो मात्र दावी गर्छ र त्यससित कुनै प्रमाण हुँदैन त विपक्षी मान्छेमाथि शपथ खानु अनिवार्य गरिन्छ कि त्यो शपथ खाएर यो भनोस् कि त्यसको (दावीकर्ताको) दावी निराधार छ, अनि दावी गर्ने मान्छेलाई केही प्राप्त हुँदैन ।

□ र अल्लाहले समस्याहरूको दर्जाको आधारमा प्रमाण ल्याउने निर्देशन गरेको छ, र अवस्था एवं सामाजिक मान्य रीति अनुष्ठानहरू र चलनहरूलाई

पनि प्रमाण मानेको छ यदि यी कुराहरू समस्याको पुष्टि गरुन् ।

त प्रमाणको अर्थ हो: ती समस्त कुराहरू जुन सत्यलाई स्पष्ट र छर्लंङ एवं प्रमाणित गरुन् । र यस्तो अवस्थामा जब दुवै पक्षको हक एकनास देखियोस् र कुनै प्रमाण यस्तोखालको नहोस् जुन कसैलाई अधिक हकदार सिद्ध गरोस् त यस्तो अवस्थामा न्यायोचित तरिकाले सुलहतर्फ मार्गदर्शित गरेको छ, र प्रत्येक समस्यामा सुलहको तरिका समस्याको अवस्था अनुकूल हुन्छ ।

यसर्थ सुलह गर्ने क्रममा ती समस्त कुराहरूतर्फ प्रोत्साहित गरेको छ जसद्वारा दुवै पक्षको चित्त पनि बुझोस्, र कसैमाथि अन्याय पनि नहोस्, र त्यसद्वारा कसैलाई हानि पनि नपुगोस्, र दुवै पक्षबीचको झगडा र विवादको पनि निवारण भइहालोस् ।

र दुई पक्षबीच निसाफ गर्नुको सर्वोत्कृष्ट तरिका न्यायको तरिका हो, जसद्वारा दुवै पक्ष राजी पनि

भइहाल्छन् र समस्याको समाधान हुनुको साथै कुनै संदिग्दता पनि बाँकी रहदैन ।

## सोल्हौं उदाहरण:

इस्लामले आपसमा परामर्श गर्नुको पनि आदेश दिएको छ, र आस्थावानहरूको प्रशंसा गरेको छ यस कुरामा कि उनीहरू समस्त सांसारिक र धार्मिक कुराहरू आपसी परामर्श र सरसल्लाहबाट पारित गर्छन् ।

□ र यस विशाल आधारमाथि महान बुद्धिजीविहरूले इस्लामको प्रशंसा गरेको छन्, र यो उदगार पनि प्रकट गरेका छन् कि व्यवहारिक कुरा र अवस्थाहरूलाई सही तरिकाले कार्यन्वयनमा ल्याउनुको लागि यो एकलो माध्यम हो, र यो नै त्यो माध्यम हो जसद्वारा लक्ष्य र सत्यतालाई प्राप्त गर्नसकिन्छ, र यसैद्वारा न्यायलाई कार्यन्वयनमा ल्याउन सकिन्छ ।

र जुन मान्छे जति यसलाई कार्यन्वयनमा ल्याउँछ त्यसको उन्नति र प्रगतिको यो माध्यम भइहाल्छ, र

मान्छेहरूको यसबारे ज्ञान जति अधिक हुन्छ र उनीहरूको विचारको शक्ति जति नै विस्तृत हुन्छ त्यति नै उनी यसको लाभ र यसको आवश्यकतालाई महसूस गर्छन् । र जब यस आधारलाई आरम्भिक कालका मुसलमानहरूले आफ्ना सांसारिक र धार्मिक समस्याहरूमा कार्यन्वयनमा ल्याएका थिए त उनीहरूका समस्त कुराहरू शुद्ध अवस्थामा ठिकठाक र व्यवस्थित भइहालेका थिए, र उनीहरूको अवस्था राम्रोभन्दा राम्रो हुँदै गएको थियो । तर जब मुसलमानहरू यसबाट पछिन थाले त धार्मिक र संसारिक दुवै क्षेत्रमा विफलतामा परे, र आफैं विफलताको तल्लो स्तरतिर गइरहेका छन्, र यदि पुनः उनीहरू उसतर्फ फर्केर आउन् भने पुनः उच्चतम् सफलता हात पार्न सक्दछन् ।

## सत्रहौं उदाहरणः

यो धर्म संसारिक हित र धार्मिक हितको सुधारको लागि पनि प्रयत्नशील छ, र शारीरिक एवं आत्मिक हितलाई एकत्रित गर्छ । र कुरआन एवं हदीसहमा

यस आधार अन्तर्गत धेरै कुराहरू वर्णित छन्, र अल्लाह एवं अल्लाहका रसूल यी दुवै कुरालाई कार्यन्वयन गर्नुमा जोर दिएका छन्, किनकि दुवै कुराहरू एकआर्काका पूरक एवं सहायक हुन् ।

र अल्लाहले सृष्टिलाई मात्र आफ्नो भक्ति गर्ने र त्यसको अधिकारलाई पूर्ण गर्ने उद्देश्यले सृष्टि गरेको छ, र उनीहरूको लागि जीविका र त्यसका साधनहरू प्रदान गऱ्यो ताकि उनीहरू ती साधनहरू मार्फत जीविका प्राप्त गरी त्यसद्वारा त्यसको भक्ति गर्नुमा सहायता प्राप्त गरुन्, र त्यो तिनीहरूका बाहिरी र अन्तरिक आवश्यकताहरूमा पनि सहायक होस् ।

यसै कारण अल्लाहले यो आदेश गरेन कि उनीहरू मात्र आफ्नो आत्मालाई सन्तुष्ट गरी शरीरलाई त्यस्तै छाडिदिउन् । तर यसको साथै हवस पूजा र भोगविलासबाट पनि रोकेको छ, र त्यो कार्य गर्ने आदेश गरेको छ जसद्वारा हृदय र आत्माको साथ शरीरलाई पनि सन्तुष्टि प्राप्त होस् । र यसको शेष विवरण निम्नको उदाहरणमा स्पष्ट गरिन्छ ।

# अठ्ठाह्रौं उदाहरण:

इस्लाम धर्मले ज्ञान, धर्म, सत्ता, र प्रशासनलाई एकआर्काको सहायक र पूरक बनाएको छ ।

□ यसर्थ ज्ञान र धर्म प्रशासनलाई प्रवन्धित र व्यवस्थित गर्छ जसको आधारमा सत्ताको नीव राखिन्छ, र प्रशासन पूर्णतया ज्ञान र धर्ममा निर्भर छ, जुनकि तत्वदर्शिता र सत्मार्ग हो, र यो नै हित र सफलता हो । त जसरी धर्म र सत्ता एक साथ एकआर्काको सहायक भएमा समस्त कुराहरू शुद्ध रहन्छन्, त्यस्तै समस्त कुराहरू पनि व्यवस्थित रहन्छन् । र जहिले पनि यी दुवै अलग भए व्यवस्थापन र प्रशासनमा विकार र अशुद्धिको उत्पात हुन्थाल्दछ, र हितकर कुराहरू र सुधारवादी तथ्यहरू लुप्त भइहाल्छन्, र समाजमा विभाजन हुन्थाल्दछ, र हृदयहरू विभाजित भई टाढिन्छन्, र मानिसहरू असफलता र अनैतिकतातिर झर्नथाल्दछन् ।

र यस कुरालाई यो कुरा समर्थन गर्छ कि: विज्ञान जति विस्तार भए पनि, र ज्ञान जति नाना प्रकारको

भए पनि, र अविष्कार्य कार्य जति विशाल र अधिक भए पनि जुन कुराहरूलाई इस्लामले प्रस्तुत र वर्णन गरेको छ र त्यसमा कुरआनले प्रमाणीकरण गरेको छ त्यसको विरोध गर्दैन नत त्यसको प्रतिकूल नै हुन्छ । किनकि इस्लामीय विधान त्यो कुरो प्रस्तुत गर्दैन जसलाई मनीष कबूल नगरोस् र बुद्धि स्वीकार नगरोस्, बरु इस्लाम यस्तो कुरा प्रस्तुत गर्छ जसको शुद्ध मनीष प्रशंसा गर्छ, र मनीष जुन कुराको जानकारी संक्षेपमा वा विस्तृत तरिकाले प्राप्त गर्नुमा असूक्ष्म हुन्छ त त्यसको लागि आर्को उदाहरण निम्नमा वर्णन गरिन्छ ।

# उन्नाइसौं उदाहरण:

इस्लामीय विधान यस्ता कुराहरू प्रस्तुत गर्दैन जसलाई मनीष असम्भव ठानोस् वा जुन शुद्ध ज्ञान विरुद्ध होस् ।

त यो यस कुराको सर्वोत्कृष्ट प्रमाण हो कि जुन अल्लाहको पासमा छ तत्वदर्शितायुक्त प्रमाणित छ, र प्रत्येक स्थान र युगको लागि उपयुक्त छ ।

□ र यी संक्षिप्त कुराहरूलाई संक्षेपमा र विस्तृत तरिकाले संसारिक र सामाजिक घटनाहरूको मार्फत र त्यसमा विचार एवं चिन्तन मनन् गरेर थाहा पाइन्छ, र ती घटनाहरू यदि ती घटनाहरू सत्यमा आधारित छन् भने विधानले वर्णन गरेको वास्तविकताको प्रकाशमा त्यसको छानविन गरेर त्यसको सत्यताबारे थाहा पाइन्छ । त यस्तो गरेर यस कुराको ज्ञान हुन्छ कि जेजति विधानले पेश गरेको छ त्यो ती समस्त कुराहरूको स्पष्टीकरण हो, र यो पनि ज्ञान हुन्छ कि यसले सानोतिनो कुराहरूको पनि स्पष्टीकरण गर्न छाडेको छैन ।

# बिसौं उदाहरण:

यस धर्मका विस्तृत र दुलर्भतम् इस्लामीय विजयमाथि संक्षिप्त दृष्टि हाल्दा, र यसका शत्रुहरूको यस विरुद्ध भीषड संघर्ष र यसलाई अप्रिय ठान्दा ठान्दै पनि यसको आजसम्म एउटा सम्मानित धर्मको रूपमा बाँकी रहनु यसको महानतामाथि अकाट्य प्रमाण हो ।

□ र यो यसरी कि जसले पनि यस धर्मको आरम्भिक काललाई हेर्छ त्यसलाई भलिभाँति थाहा भइहाल्छ कि कसरी यस धर्मले पूर्ण अरब उपमहाद्वीप जुनकि विभाजित थियो र अस्थिर असनतुलित र शत्रुताग्रस्त थियो त्यसलाई एकजुट गरिदियो, र त्यसका कठोर मानिसहरूलाई नम्र मानिसहरूसँग मिलायो र उनीहरूको शत्रुतालाई समाप्त गरेर त्यसको ठाउँमा इस्लामीय भाइचारालाई स्थापित गऱ्यो ।

अनि उनीहरूले धरतीका एक एक गरी एकपछि आर्को देशलाई पराजित गर्न थाले, जसमध्ये फारस र रोम पनि हुन् जुनकि त्यस समयका सुपर पावर

थिए, र मुसलमानहरूभन्दा सैन्य शक्तिमा परिपूर्ण निपुण थिए, र सैन्य दृष्टिले पनि उनी अति धेरै सेनावाला थिए, तै पनि मुसलमनहरूले यस धर्मको श्रेष्ठताले र आस्थाको बलले उनीहरूमाथि विजय हातपारे, यहाँसम्म कि यो इस्लाम यस विश्वको पूर्वदेखि पश्चिमसम्म विस्तृत भयो ।

त यसलाई अल्लाहको प्रतीक र रसूल सल्लल्लाहो अलैहे वसल्लमको चमत्कारमध्ये गनिन थालियो, यसर्थ यस धर्ममा समूहका समूह पूर्ण सन्तुष्टि र ज्ञानको आधारमा प्रवेश गर्न थाले नकि जबरजस्ती जस्तोकि केही मानिसहरू यसमाथि आक्षेप लगाउँछन् ।

त जुन व्यक्ति पनि यस कुरामा संक्षिप्त दृष्टि हाल्छ त्यसलाई यो थाहा भइहाल्छ कि यो नै त्यो सत्यता हो जस विरुद्ध कुनै पनि असत्यता कायम रहन सक्दैन चाहे त्यसको शक्ति अति विशाल किन नहोस् र त्यो अति प्रसिद्ध र विस्तृत किन नहोस् ।

त यो कुरो प्रकृतिक तौरले थाहा पाइन्छ, र यस कुरामा कुनै पनि न्यायकर्ता एक कण बरोबर पनि

सन्देह गर्न सक्दैन । त्यस कुरा विरुद्ध जसलाई आजका केही लेखकहरू लेख्दछन् जिनलाई उनीहरूको विकारयुक्त बाँगो सोचविचारले इस्लाम विरोधी क्रियाकलापमा लगाइदिएको छ ।

त उनीहरूको यो विचार छ कि इस्लाम धर्मको विस्तार र त्यसले हात पारेको विजय र सफलताहरू आर्थिक तथ्यहरूमा आधारित छन्, र उनीहरूको बाँगो विचारमा त्यस समय मुसलमानहरूको अर्थतन्त्र ती देशहरूको अर्थतन्त्रभन्दा अधिक र ठोस् थियो, अर्थात रोम र फारसको अर्थतन्त्र अरबहरूभन्दा कम्जोर थियो । यो उनी विकारयुक्त विचार राख्नेहरूको दृष्टिमा छ तर यस कुराको कल्पना गर्नु पनि यस कुरालाई स्थगित र नकारिदिन्छ ।

तर विचार योग्य कुरो के छ भने यस्तो कुन शक्ति थियो जसले अरबीहरूलाई यस योग्य बनायो जसलेगर्दा उनीहरूले ससाना राज्यलाई होइन बरु यस्ता ठूला ठूला साम्राज्यहरूलाई पराजित गरे जुन त्यस समयका सुपर पावर थिए, र त्यस समय तिनीहरूको शक्तिलेगर्दा कोही उनीहरू सामुन्ने

टिक्न सक्दैनथ्यो । उनीहरूले तिनीहरूलाई पराजित गरेर तिनीहरूको अन्याय अत्याचारयुक्त कानूनहरूलाई स्थगित गरी कुरआन र इस्लामका विधानहरूलाई लागू गरे जसलाई सबैले कबूल गरे, र ती मानिसहरूले पनि जुन सत्यलाई मनपराउँथे ।

त के यस विजयलाई यस्तो व्याख्या गर्न मिल्छ कि अरबहरू मात्र अर्थतन्त्रको कारणले यस्ता सुपर पावर देशहरूलाई पराजित गरेका थिए ?

होइन कदाचित यस्तो भन्न मिल्दैन, र यस्तो त मात्र त्यही भन्नसक्छ जुन इस्लाम धर्ममाथि टिप्पणी गर्न चाहन्छ, वा यस्ता मानिसहरू नै यस्तो कुरा गर्न सक्दछन् जुन मात्र इस्लाम विरोधीहरूका कुराहरू सुनेका छन् उनीलाई वास्तविकताबारे केही ज्ञान नै छैन ।

□ फेरि यस धर्मको अहिलेसम्म यसका शत्रुहरूको यस विरुद्ध नानाथरीका षडयन्त्र र प्रयासको बावजूद बाँकी रहनु, र पूर्ण विश्वमा तीव्रताले विस्तृत हुनु, यस कुरामा प्रमाण हो कि यो धर्म अल्लाहको प्रतीकहरूमध्ये एक हो । र यो नै अल्लाहको

वास्तविक सत्य धर्म हो । त यदि यस धर्मलाई प्रयाप्त सहायता प्राप्त भइहालोस् जुन यसबाट यसका शत्रुहरूका षडयन्त्रहरूलाई हटाइदेओस् भने यस धरतीमाथि यस बाहेक कुनै आर्को धर्म बाँकी रहने छैन, र यस धर्मलाई समस्त मानिसहरू बिना कुनै बाध्यता आफ्नो राजी खुशीले स्वीकार गरिहाल्ने छन्, किनकि यो नै त्यो सत्य र प्रकृतिक, हितकर र समाजसुधारक धर्म हो जसको उनीलाई खोज छ। तर मुसलमानहरूको कम्जोरीको कारण र उनीहरूको विभाजन र उनीहरूका शत्रुहरूको षडयन्त्रहरूको कारण यसको विस्तार हुने गतिमा बाध्य बनेको छ । त अल्लाहको शक्ति बाहेक अरु कुनै शक्तिबाट यसबारे सहायताको आशा छैन ।

# एकाइसौं उदाहरणः

## समस्त उदाहरणहरूलाई समावेशित

इस्लाम धर्म आधारित छ सत्य र हितकर सिद्धान्तहरूमाथि, र यस्ता शिष्टाचार र नैतिकताहरूमाथि जुन मनीष र आत्मालाई सुधार्दछन्, र यस्ता कुराहरूमाथि जुन अवस्थालाई सुधार्दछन्, र यो आफ्ना समस्त आधारहरूमा प्रमाण प्रतीक र निशानीहरूमाथि आधारित र निर्भर छ । र यो धर्म आधारित छ मूर्तिपूजालाई त्याग्नुमाथि, र मात्र अल्लाहसित संलग्न र त्यसमा विलीन हुनुमाथि, र त्यस बाहेकका समस्त मिथ्या पूज्य र अरु सृष्टिहरूसित संलग्न हुने कुरालाई नकार्नुमाथि, र ती समस्त पाखण्ड र आडम्बरहरूलाई त्याग्नुमाथि जुन मनीष र प्रकृति विरुद्ध छन्, र बुद्धिलाई हैरान पार्नेवाला छन् । र यो आधारित छ समस्त हितकर कुराहरूमाथि, र समस्त कष्टकर र विद्रोही कुरालाई हटाउनुमाथि, र यो आधारित छ न्यायमाथि, र यो आधारित छ ती

समस्त कुराहरूतर्फ प्रोत्साहन गर्नुमाथि जुन सराहनीय छन् र अति उच्चतम र प्रगतिशील छन् आफ्ना समस्त थरीहरूद्वारा ।

 र यी वाक्यहरूलाई व्याख्या गर्नु असम्भव छ, र जससित पनि अलिकति बुद्धि छ त्यो यस कुराको अभिप्राय बिना कुनै शंका सन्देह पूर्णतया बुझिहाल्छ ।

त यसै संक्षिप्त कुरामा म आफ्नो कुरालाई टुंग्याउँछु किनकि यतिद्वारा इस्लामका ती विशेषताहरूलाई पनि बुझ्न सकिन्छ जुन जुन यस धर्मको महानता र विशालता र समस्त कुराहरूमा यसको हितकर हुने कुरालाई प्रमाणीकरण गर्छ ।

अन्त्यमा मेरो अल्लाहसित यो विन्ती छ कि अल्लाह हामी सबैलाई यस बहुमूल्य किताबद्वारा सत्यमार्गलाई अपनाउनुको सुअवसर प्रदान गरोस्, र हाम्रा विगतका पापहरूलाई क्षमादान दिई स्वर्गमा प्रवेश गर्ने भाग्यवानहरूमध्येको बनाइदेओस् (आमीन) ।

# समाप्त

**अनुवादक**
**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**
**तौलिहवा कपिलवस्तु (नेपाल)**
email- atiqkhannp1982@yahoo.com
**सम्पर्क नं. ००९७७९८१९४३७७५८**
**सउदी मो. न. ००९६६५०१३७२२५४**

# विषय सूची



| क.सं. | शीर्षकहरू | पृष्ठ |
|---|---|---|
| 1 | प्रस्तावना | **2** |
| 2 | प्रक्काथन | **5** |
| 3 | पहिलो उदाहरण | **12** |
| 4 | दोस्रो उदाहरण | **27** |
| 5 | तेस्रो उदाहरण | **37** |
| 6 | चौथो उदाहरण | **45** |
| 7 | पाँचौं उदाहरण | **55** |
| 8 | छठौं उदाहरण | **72** |
| 9 | सातौं उदाहरण | **78** |
| 10 | आठौं उदाहरण | **92** |
| 11 | नव्वौं उदाहरण | **97** |
| 12 | दशौं उदाहरण | **114** |
| 13 | ग्याह्रौं उदाहरण | |
| 14 | बाह्रौं उदाहरण | |
| 15 | तेह्रौं उदाहरण | |

| | | |
|---|---|---|
| 16 | चौदहौं उदाहरण | |
| 17 | पन्द्रहौं उदाहरण | |
| 18 | सोलहौं उदाहरण | |
| 19 | सत्तरहौं उदाहरण | |
| 20 | अठ्ठरहौं उदाहरण | |
| 21 | उन्नइसौं उदाहरण | |
| 22 | बीसौं उदाहरण | |
| 23 | एक्काइसौं उदाहरण | |